२०७९ सालको विधेयक नं.२

# डिलासैनी गाउँपालिकाको विनियोजन ऐन, २०७९

गाउँ सभामा पेश भएको मिति :२०७८।०३।१७
स्वीकृत मितिः२०७९।०३।१७

डिलासैनी गाउँपालिका

डिलासैनी गाउँपालिका

**डिलासैनी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक**

**२०७९ सालको विधेयक नं.२**

**प्रस्तावना:**डिलासैनी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम डिलासैनी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "डिलासैनी गाउँपालिकाको विनियोजन ऐन,२०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)आर्थिक वर्ष२०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, बित्तिय व्यवस्थाको रकम र अनुमानित सामाजिक सुरक्षा रकम समेत गरी जम्मा रकम **रु.६२,३५,५९,०००।- (अक्षेरुपी बासठ्ठी करोड पैतीस लाख उनसाठी हजार रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन:** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष२०७८/०७९ को निमित्त डिलासैनी गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समितिर विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने बजेट उपशीर्षकबाट नपुगहुने उपशीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वाएक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्चर वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर,चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । एउटै बजेट उपशीर्षक भित्र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा कार्यपालिकाले जतिपनि रकम रकमान्तर गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक बजेट उपशीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**<u>संञ्चित कोषबाट विनियोजन हुने रकम</u>**

| संकेत नं. | शीर्षक | आ.व.२०७९/०८० को अनुमान रु हजारमा |
|---|---|---|
| **१०** | **आर्थिक विकास** | **२१९६४** |
| १०१० | कृषि तथा पशु | ८७६४ |
| १०२० | उद्योग तथा वाणिज्य | ४२०० |
| १०३० | पर्यटन | |
| १०४० | सहकारी | |
| १०५० | वित्तीय क्षेत्र | |
| | श्रम तथा रोजगारी | ९००० |
| **२०** | **सामाजिक विकास** | **२४८२५०** |
| २०१० | शिक्षा | १८५३७५ |
| २०२० | स्वास्थ्य | ३६७७५ |
| २०३० | खानेपानी तथा सरसफाइ | १४००० |
| २०४० | संस्कृति प्रवर्द्धन | |
| २०५० | खेलकुद तथा मनोरञ्जन | ८१०० |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | १८०० |
| | महिला बालबालिका जेष्ठ नागरिक शहिद परिवार | २२०० |
| **३०** | **पूर्वाधार विकास** | **७९०००** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ५८६०० |
| ३०२० | सिंचाई | ४००० |
| ३०३० | भवन तथा सहरी विकास | ११७०० |

| | | |
|---|---|---|
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) र भूमि व्यवस्था | ४७०० |
| ३०५० | सञ्चार | |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **५०००** |
| ४०१० | वन तथा भु-संरक्षण | |
| ४०२० | जलाधार संरक्षण | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | १००० |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | २००० |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | |
| ४०६० | विपद व्यवस्थापन कोष | २००० |
| ४०७० | वारुण यन्त्र सञ्चालन | |
| **५०** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | **११८३००।०००** |
| ५०१० | सामान्य सेवा | ९४५५०।०० |
| ५०२० | कर्मचारी कल्याणकारी कोष | ५०० |
| ५०३० | सूचना प्रविधि | ६३०० |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | |
| ५०५० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | |
| | न्यायिक समिति | २३५० |
| ५०६० | प्रशासकीय सुशासन प्रवर्द्धन | ४६०० |
| ५०७० | अनुसन्धान तथा विकास | १०००० |
| ५०८० | अन्यत्र वर्गिकृत नभएको | |
| | **चालु प्रकृतिका सहलगानी** | **१०५४५।०००** |
| | **समपुरक कोष** | **२१०००** |
| | ज्येष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम | **११७५००** |
| | **जम्मा** | **६२३५५९** |